बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

बारबर्दिया राजपत्र

**भाग–२**

**खण्डः३ संख्याः ६ मितिः २०७६/०८/१५**

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।८।९ गते**

# सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालय सञ्चालन कार्यविधि,२०७६

**प्रस्तावना**

देशको आर्थिक उन्नतिका लागि योग्य, सक्षम प्रतिस्पर्धी र उत्पादनशील जनशक्ति तयार गरी रोजगारको अवसर सिर्जना गरी समुन्नत समाजको निर्माण गर्दै मुलुकको समृद्धिमा समेत सहयोग गर्ने तथा बारबर्दिया नगरपालिका र आसपासका क्षेत्रका युवाहरुलाई आवश्यक ज्ञान, सिप दिइ स्वरोजगारको अवसर निर्माण गर्न यस ठाउँमा एउटा बहुप्राविधिक शिक्षालयको अवश्यकता महसुस गरी नगरवासीहरुको चहाना अनुसार स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ ग (३) को अधिनमा रही प्राशासकीय कार्यविधि नियमित गर्नका लागि बनेको ऐन २०७५ बमोजिम बारबर्दिया नगरपालिकाबाट सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालय सञ्चालन कार्यविधि-२०७६ तयार गरिएको हो ।

## परिच्छेद-१

## संक्षिप्त नाम, प्रारम्भ, परिभाषा र व्याख्या

(१) यस कार्यविधिको नाम "सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालय सञ्चालन कार्यविधि -२०७६" रहने छ ।

(२) यो कार्यविधि बारबर्दिया नगरपालिकाको नगर कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मिति देखि कार्यान्वयनमा आउने छ ।

(३) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले शिक्षा विज्ञान तथा प्राविधिक मन्त्रालय सम्झनु पर्छ ।

(ख) "परिषद् " भन्नाले प्राविधिक तथा व्यावसायिक तालिम परिषद् सम्झनु पर्छ ।

(ग) "प्राविधिक विषय" भन्नाले प्राविधिक क्षेत्रका विभिन्न विद्यागत विषयहरु सम्झनु पर्छ ।

(घ) "बहुप्राविधिक" भन्नाले प्राविधिक क्षेत्रमा परिषदबाट मान्यता दिइएका विविध विषयहरु सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिका सम्झनु पर्छ ।

(च) "शिक्षालय" भन्नाले सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालय बारबार्दिया न.पा.६ जयनगर, बर्दिया सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले परिच्छेद २ को दफा (१) अनुसार गठित समिति सम्झनु पर्छ ।

(ज) "नगर प्रमुख" भन्नाले बारबर्दिया नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(झ) "उप प्रमुख" भन्नाले बारबर्दिया नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ ।

(ञ) "अध्यक्ष" भन्नाले परिच्छेद २ को दफा (१) अनुसार गठित समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ट) "प्रमुख" भन्नाले परिच्छेद ४ दफा (१) उपदफा (क) अनुसार नियुक्ति भएको शिक्षालयको प्रमुखलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## शिक्षालय व्यवस्थापन समिति गठन र वैठक सञ्चालन

१. सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालय सञ्चालन व्यवस्थापनको लागि देहाय अनुसारको एक शिक्षालय संचालक समिति गठन हुने छ।

| | |
|---|---|
| क) नगर प्रमुख- | अध्यक्ष |
| ख) नगर उप प्रमुख- | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत- | सदस्य |
| घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- | सदस्य |
| ङ) सामाजिक विकास समिति संयोजक- | सदस्य |
| च) शिक्षालय रहेको वडाको वडा अध्यक्ष- | सदस्य |

छ) नगर भित्रका सामाजिक क्षेत्रमा योगदान पुर्याएका व्यक्तिहरु मध्ये नगर प्रमुखबाट मनोनित एक जना महिला सहित २ जना- सदस्य

ज) नगर भित्रका शिक्षा, सामाजिक विकास तथा प्राविधिक क्षेत्रमा योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट २ जना महिला सहित व्यवस्थापन समितिबाट मनोनित ३ जना - सदस्य

झ) शिक्षालयका प्रमुख - सदस्य सचिव

२. समितिको बैठकमा आवश्यकता अनुसार विषयगत क्षेत्रमा विज्ञ रहेका व्यक्तिहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ ।

३. सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालय नामसँग जोडिएका सहिद परिवारका सदस्यहरु यस समितिका मानार्थ आमन्त्रित सदस्यको रुपमा रहने छन् ।

४. समितिको बैठक समितिको अध्यक्षको अध्यक्षतामा सञ्चालन हुने छ । अध्यक्षको अनुपस्थितिमा समितिका वरिष्ठ सदस्यको अध्यक्षतामा समिति बैठक बस्न सकिनेछ ।

५. समितिमा मनोनित सदस्यको पदावधि ३ वर्षको रहने छ ।

६. समितिको बैठक सामान्यतया २ महिनामा एक पटक र आवश्यकता अनुसार पनि बस्न सक्ने छ ।

७. समितिका सदस्यहरुको बैठक भत्ता सम्बन्धी सुविधा नगर कार्यपालिकाले तोके अनुसारको रहने छ ।

## परिच्छेद- ३
## शिक्षालय संचालक समितिको काम कर्तव्य र अधिकार

१. **शिक्षालय सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार रहनेछः**

क. शिक्षालयको शैक्षिक योजना स्वीकृत गर्ने ।

ख. शिक्षालयको वार्षिक बजेट स्वीकृत गर्ने ।

ग. शिक्षालयको चल अचल सम्पत्तिको लागत राख्न लागउने र सुरक्षा गर्ने ।

घ. शिक्षालयको आवश्यक भौतिक पूर्वाधारहरु र स्रोत साधनको व्यवस्था मिलाउने ।

ङ. शिक्षालयको विद्यार्थी भर्ना, पढाइ र अन्य शुल्क निर्धारण गर्ने ।

च. शिक्षालयको प्रमुखको नियुक्ति र सेवा सुविधा निर्धारण गर्ने ।

छ. शिक्षालयमा आवश्यक पर्ने प्रशिक्षक, सहायक प्रशिक्षक र अन्य कर्मचारीहरुको दरवन्दी स्वीकृत गर्ने ।

ज. शिक्षालयमा नियुक्ति गरिने प्रशिक्षक, सहायक प्रशिक्षक र अन्य कर्मचारीहरुको नियुक्ति,सेवा सुविधा सम्बन्धी विनीयम स्वीकृत गर्ने ।

झ. शिक्षालयमा शैक्षिक वातावरण तयार गर्न ।

ञ. शिक्षालय प्रमुखलाई शिक्षालय सञ्चालन र व्यवस्थापनको लागि आवश्यक निर्देशन दिने ।

ट. शिक्षालय सञ्चालनको विनियम स्वीकृत गर्ने ।

## परिच्छेद - ४

## शिक्षालय प्रमुखको व्यवस्था र काम ,कर्तव्य,अधिकार

१. शिक्षालय सञ्चालन व्यवस्थापनको लागि १ जना शिक्षालय प्रमुख रहने छ । निजको योग्यता देहाय अनुसारको हुनुपर्ने छः

क) अंग्रेजी,विज्ञान र गणितमध्ये कुनै १ विषयमा कम्तिमा द्वितीय श्रेणीमा स्नाकोत्तर उत्तीर्ण गरेको वा कृषि ,इन्जिनियरिङ्ग , वन र शिक्षालयमा सञ्चालित प्राविधिक विषयमा स्नाकोत्तर तह उर्तीण गरेको हुनुपर्ने छ ।

२. शिक्षालयको प्रमुखको नियुक्ति शिक्षालय व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको निर्णयबाट हुने छ ।

३. शिक्षालय सञ्चालन व्यवस्थापनको शुरुवातमा तत्काल माथि उल्लेखित योग्यता पुगेको व्यक्ति नपाएमा नगरपालिका भित्र कार्यरत स्थायी स्नाकोत्तर उत्तीर्ण योग्यता भएको परिच्छेद ५ मा योग्यता भएका शिक्षकलाई काजमा खटाई समितिले जिम्मेवारी दिन सक्ने छ ।

४. शिक्षालय प्रमुखको काम कर्तव्य र अधिकार देहाय अनुसार हुने छः

क) शिक्षालयको नियमित सञ्चालन तथा व्यवस्थापन गर्ने ।

ख) शिक्षालयको शैक्षिक कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गराउने ।

ग) शिक्षालयको दैनिक कार्यतालिका निर्माण गरी कार्यान्वयन गर्ने गराउने ।

घ) शिक्षालयको शैक्षिक वातावरण, गुणस्तर अनुशासन कायम राख्ने ।

ङ) शिक्षालयमा नियमित कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार पार्ने तथा कार्यक्रम वमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने ।

च) शिक्षालयमा प्रशासनिक कार्य सञ्चालन तथा नियन्त्रण गर्ने ।

छ) शिक्षालयका प्रशिक्षक तथा अन्य कर्मचारीहरुको आचारण र कार्यसम्पादन सम्बन्धी प्रतिवेदन व्यवस्थापन समितिमा पेश गर्ने ।

ज) शिक्षालय भवन तथा हातभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने ।

झ) शिक्षालयमा CTEVT बाट स्वीकृत पाठ्यक्रम र पाठ्य सामग्री लागु गर्ने ।

ञ) शिक्षालय व्यवस्थापन समितिले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने ।

ट) शिक्षालयमा पाठ्यक्रम अनुसार हुने आवधिक परीक्षा र मूल्याङ्कन नियमित रुपम गर्ने गराउने ।

ठ) शिक्षालयमा आवश्यक रहने प्रयोगात्मक कक्षा र सामग्रीहरुको आवश्यक व्यवस्थापन मिलाउने ।

ड) शिक्षालयमा आवश्यक हुने प्रशिक्षक तथा कर्मचारी नियुक्ति,सेवा सुविधा सम्बन्धी व्यवस्था शिक्षालय व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्ने ।

ढ) छनौट समितिबाट सिफारिस भइ व्यवस्थापन समितिबाट निर्णय भएका प्रशिक्षक तथा अन्य कर्मचारीहरुलाई नियुक्ति गर्ने ।

ण) शिक्षालयको आर्थिक कोष सञ्चालन गर्ने ।

त) शिक्षालयको लागि CTEVT बाट तोकिएको निर्देशनहरुलाई कार्यान्वयन गराउने ।

थ) शिक्षालय सञ्चालन व्यवस्थापनको लागि आवश्यक विनियम तयार गरी व्यवस्थापन समितिमा पेश गर्ने

द) प्रशिक्षकहरुले जानीजानी वा लापरबाहीका साथ कुनै काम गर्नाले शिक्षालयलाई हानी नोक्सानी पर्न गएमा नोक्सानी बराबरको रकम असुलउपर गर्न सञ्चालक समितिमा सिफारिस गर्ने ।

ध) प्रशिक्षक तथा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा अवकास तथा विभागीय कारबाहीको लागि सञ्चालक समितिमा सिफारिस गर्ने ।

न) आफ्नो मातहतका प्रशिक्षक तथा कर्मचारीको काम र कर्तव्य तोक्ने ।

प) मासिक प्रशिक्षक तथा कर्मचारीको बैठक बोलाई शिक्षालयसँग सम्बन्धित विषयमा छलफल गरी अभिलेख राख्ने ।

फ) शिक्षालय सुधार योजना तयार गरी सञ्चालक समितिबाट स्वीकृति गर्ने ।

ब) शिक्षालयको वार्षिक शैक्षणिक योजना तयार गरी कार्यन्वयन गर्ने ।

**५.** शिक्षालय प्रमुखको सेवा सुविधा नेपाल सरकारको अधिकृत तृतीय श्रेणीको कर्मचारी सरह हुने छ र निजलाई सञ्चालक समितिबाट थप प्रोत्साहन सुविधा दिन सकिने छ ।

६. शिक्षालय प्रमुख/प्रशिक्षक र अन्य कर्मचारीहरुको बिदा तथा अन्य सुविधा बारबर्दिया नगर कार्यपालिकाले तोके अनुसार तथा CTEVT को साझेदारी शिक्षालय सम्बन्धी नियम अनुसार रहने छ ।

## परिच्छेद-५

## शिक्षालयमा रहने प्रशिक्षक तथा अन्य कर्मचारी सम्बन्धी व्यवस्थाः

शिक्षालयमा रहने प्रशिक्षक र अन्य कर्मचारी सम्बन्धी व्यवस्था देहाय अनुसार रहने छः

१. शिक्षालयमा सम्बन्धन प्राप्त विषय र पाठ्यक्रम अनुसार विषयहरु अध्यापन गर्ने गराउने प्रशिक्षक र सहायक प्रशिक्षकहरु शिक्षालय सञ्चालक समितिले स्वीकृत गरेको दरबन्दी अनुसार रहने छन् ।

२. शिक्षालयको दैनिक आर्थिक प्रशासन कार्य सञ्चालन व्यवस्थापन लागि एक जना नायव सुब्बा स्तरको कर्मचारी, रहने छ। सो को दरबन्दी स्वीकृत शिक्षालय व्यवस्थापन समितिमा रहने छ ।

३. पुस्तकालय,परीक्षा र स्टोरको लागि एक नायब सुब्बा स्तरको कर्मचारी रहने छ ।

४. प्रयोगशाला सञ्चालन व्यवस्थापनको लागि शिक्षालयमा सञ्चालित कार्यक्रममा डिप्लोमा तह पुरा गरेको कर्मचारी (Lab Assistant खरिदार सरह) रहने छ।

५. आवश्यकता अनुसार शिक्षालयको लागि चाहिने शिक्षालय सहयोगी कर्मचारीहरु रहने छन् । सो को दरबन्दी स्वीकृत शिक्षालय सञ्चालक समितिमा रहने छ ।

६.शिक्षालयमा पठन पाठन हुने विभिन्न विषयहरुको अध्यापनको सन्दर्भमा योग्यता पुगेको शिक्षकहरुबाट आंशिक रुपमा समेत खटाउन सकिने छ ।

७.एक वर्ष सेवा अवधि पुरा गरेका पूर्ण कालीन प्रशिक्षक तथा कर्मचारीको तलब भत्ताको १० प्रतिशत रकम कट्टा गरी १० प्रतिशत रकम शिक्षालयले थप गरी कर्मचारी सञ्चयकोषमा जम्मा गर्ने छ ।

८.शिक्षालयमा कुनै एक कार्यक्रम तीन वर्ष सञ्चालन पुरा भएको समयसम्म प्रशिक्षक ,सहायक प्रशिक्षक र कर्मचारी तपसिल अनुसार राखिने छ ।

| क्र.स. | प्रशिक्षक, कर्मचारी | शैक्षिक योग्यता | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | शिक्षालय प्रमुख | Master Level | १ | पूर्ण कालीन |
| २ | प्रशिक्षक | Bachelor Level | ४ | पूर्ण कालीन |
| ३ | सहायक प्रशिक्षक | Diploma Level | २ | पूर्ण कालीन (Lab Boy) |
| ४ | अंग्रेजी | Master Level | १ | आंशिक प्रशिक्षक |
| ५ | नेपाली | Master Level | १ | आंशिक प्रशिक्षक |
| ६ | गणित | Master Level | १ | आंशिक प्रशिक्षक |
| ७ | Physics | Master Level | १ | आंशिक प्रशिक्षक |
| ८ | Chemistry | Master Level | १ | आंशिक प्रशिक्षक |
| ९ | Zoology | Master Level | १ | पूर्ण कालीन |
| १० | Botany | Master Level | | |
| ११ | सामाजिक | Master Level | १ | आंशिक प्रशिक्षक |
| १२ | कम्प्युटर | Computer Diploma | १ | आंशिक प्रशिक्षक |
| १३ | लेखापाल | 12 Pass | १ | पूर्ण कालीन |
| १४ | प्रशासनिक साहायक (पाचौंतह) | 12 Pass | १ | पूर्ण कालीन |
| १५ | सहयोगी कर्मचारी | DLE/BLE Pass | ३ | पूर्ण कालीन |

## परिच्छेद-६

## प्रशिक्षक कर्मचारी छनौट समिति

१) शिक्षालयमा रहने प्रशिक्षक, सहायक प्रशिक्षक र आवश्यकता अनुसार रहने अन्य कर्मचारीहरुको छनौट गर्नको लागि देहाय अनुसारका पदाधिकारी रहेको एक कर्मचारी छनौट समिति रहने छ ।

क) शिक्षालयको सञ्चालक समितिको सदस्य मध्येबाट समितिले तोकेको व्यक्ति- संयोजक

ख) विषयगत विषय विज्ञ मध्ये शिक्षालय प्रमुखले मनोनयन गरेको व्यक्ति एक जना - सदस्य
ग) नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य
घ) शिक्षालय प्रमुख - सदस्य सचिव

२) शिक्षालयमा रहने प्रशिक्षक कर्मचारी छनौट समितिले छनौट सम्बन्धी कार्यविधि प्रचालित ऐन नियम अनुसार आफै तयार गरी कार्यन्वयन गर्ने छ ।

## परिच्छेद - ७

## प्रशिक्षक, सहायक प्रशिक्षक र कर्मचारीको काम कर्तव्य

१. आफूलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नुपर्ने ।
२. निर्धारित समयमा नियमितरुपले शिक्षालय आए गएको समय जनाई हाजिर हुनुपर्ने र पहिले बिदाको अनुमती नलिई शिक्षालयमा अनुपस्थित हुन नपाउने ।
३. आफ्नो सेवा संम्बन्धी कुरामा मतलव साध्य गर्ने मनसायले कसै माथि कुनै राजनितिक वा वाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न नहुने ।
४. विद्यार्थीलाई शारिरीक तथा मानसिक यातना दिन नहुने ।
५. शिक्षालयमा विद्यालयको पोषक लगाएर उपस्थित हुनुपर्ने ।
६. कुनै भाषा, धर्म, सम्प्रदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने ।

## परिच्छेद -८

## शिक्षालयको कोष र कोष सञ्चालन

१) शिक्षालयको आफ्नै आर्थिक व्यवस्थापनको लागि एक शिक्षालय कोष रहने छ । जसमा निम्न अनुसारको रकम रहने छः
क. शिक्षालयको लागि CTEVT, संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम हुनेछ ।
ख. शिक्षालय सञ्चालन व्यवस्थापनको लागि नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम ।
ग. शिक्षालयको लागि संघ,संस्था तथा विभिन्न सहयोगी दाताहरुबाट उपलब्ध रकम ।
घ.शिक्षालयमा विद्यार्थीहरुबाट संकलन हुने विविध शिर्षकगत रकम हुने छ ।

२)शिक्षालयको खाता सञ्चालन शिक्षालय प्रमुख र संचालक समितिबाट आर्थिक प्राशासन संचालन गर्न जिम्मेवारी तोकिएको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुने छ ।

३)शिक्षालयको कोषको रकम खर्च गर्ने अख्तियारी शिक्षालय प्रमुखको रहने छ । निजले प्रचलित नियम कानुनको परिधि भित्र रही तथा व्यवस्थापन समितिले दिइएका आधारहरुमा खर्च गर्नु पर्ने छ ।

४)शिक्षालयको आर्थिक दायित्व, श्रेस्ता अभिलेख र लेखापरीक्षण गराउने जिम्मवारी शिक्षालय प्रमुखको रहने छ ।

५) शिक्षालयको आन्तरिक लेखा परीक्षण नगरपालिकाबाट र अन्तिम लेखा परीक्षण CTEVT बाट सम्बन्धन प्राप्त शिक्षालय सरह हुने छ ।

६) शिक्षालय सञ्चालक समितिबाट स्वीकृत गरीएको नीति कार्यक्रम तथा बजेटको अधिनमा रही खर्च गर्नुपर्ने छ ।

७) प्रशिक्षार्थीले रु पाँच हजार Security Fund बापत फिर्ता हुने गरी शिक्षालयमा जम्मा गरी गर्ने शिक्षालय प्रमुख र शिक्षालयको लेखाशिक्षा हेर्ने व्यक्तिको संयूक्त नाममा सञ्चालन गरिएको बैंक खातामा जम्मा गरिनेछ । सो रकम प्रशिक्षार्थीबाट टुटपुट भएका वा प्रयोगात्मक कार्य गर्ने क्रममा हराएका वा नष्ट भएका बढी मुल्य पर्ने सामाग्रीहरु खरिद गर्न सञ्चालक समितिको निर्णय अनुसार खर्च गरिनेछ ।

## परिच्छेद -९
## परीक्षा संचालन

१. वार्षिक परीक्षा प्रणाली भएका कार्यक्रममा तीन वटा र सेमेस्टर परीक्षा प्रणाली भएका कार्यक्रममा दुई वटा आन्तरिक परीक्षाहरु सञ्चालन गरिने छ ।

२. प्रति विद्यार्थी प्रति परीक्षा रु १०० का दरले परीक्षा शुल्क लेखाप्रणाली अनुसार लिइ परीक्षा सञ्चालन उत्तर पुस्तिका परीक्षण र नतिजा प्रकाशनमा खर्च गरिने छ ।

३. उत्तरपुस्तिका परीक्षण पारिश्रमिक , परीक्षा निरीक्षक भत्ता, कर्मचारी भत्ता तोकि एबमोजिम हुनेछ ।

४. आन्तरिक परीक्षाको नतिजा प्रत्येक अभिभावकलाई दिईने छ ।

६. CTEVT ले लिने अन्तिम परीक्षा CTEVT को परीक्षा तालिका अनुसार हुने छ ।

७. शिक्षालयको प्रवेश परीक्षा CTEVT ले तोकिए बमोजिम हुने छ ।

## परिच्छेद -१०
## प्रशिक्षार्थी भर्ना

१. प्रशिक्षार्थी भर्ना CTEVT को नियम अनुसार हुने छ ।

# परिच्छेद -११

## प्रशिक्षार्थी छात्रवृत्ति कोटा

१. शिक्षालयमा सञ्चालन भएका प्रत्येक कार्यक्रममाCTEVTले निर्धारण गरेको कोटा बमोजिम हुनेछ ।

२. शिक्षालयले पाएको वनबिज्ञानको ४० कोटा मध्येको ३६ कोटा तपसिल बमोजिम पूर्ण शुल्कीय र छात्रवृत्ति कोटा निर्धारण गर्नेछ ।

| क्र.स. | लक्षित वर्ग | आन्तरिक छात्रवृतिको छुट प्रतिशत | | | |
|---|---|---|---|---|---|
| | | ५० | ७५ | १०० | जम्मा |
| १. | पूर्ण शुल्कीय | ० | ० | ० | १० |
| २. | विपन्न दलित | १ | १ | १ | ३ |
| ३. | विपन्न जनजाति | २ | ३ | ३ | ८ |
| ४. | सीमान्तकृत राजी/कुमाल/बोटे/बादी | ० | ० | १ | १ |
| ५. | विपन्न तथा सुकुम्बासी | ० | २ | २ | ४ |
| ६. | सहिद, वेपत्ता तथा घाईते परिवारका सदस्य | ० | २ | ३ | ५ |
| ७. | अपाङ्ग | ० | ० | २ | २ |
| ८. | मुक्तकमैयाँ, कमलहरी | ० | ० | ३ | ३ |
| जम्मा | | ३ | ८ | १५ | ३६ |

स्पष्टीकरणःमाथि उल्लेखित छात्रवृत्तिमा ५० प्रतिशत महिला अनिवार्य समावेश गर्नुपर्ने छ। तर उक्त कोटामा परीक्षार्थी सहभागी नभएमा अन्य वर्गका परीक्षार्थीलाई सहभागी गराइने छ।

## ३ .प्रशिक्षार्थीको छात्रवृत्ती कोटा वितरण गर्ने मापदण्डहरुः

(१) बारबर्दिया नगरपालिकाको स्थायी बासिन्दा हुनु पर्ने र भर्ना हुनको लागि CTEVT ले भर्नाका लागि संचालन गरेको प्रबेश परीक्षा अनिवार्य उत्तीर्ण गरेको हुनु पर्ने साथै माथि उल्लेखित वर्गीकृत छात्रवृत्ति कोटामा प्रवेश परीक्षा उत्तीर्ण गरेका स्थानीय सबैलाई पहिलो प्राथमित्क्ता दिइने छ ।

(२) उपदफा १ मा जुन सुकै कुरा लेखिएको भएतापनि कुनै कारण बस स्थानीयले फारम नभरेको वा नपरेको वा तोकिएको न्यूनतम अकं भन्दा कम अंक ल्याएको अवस्थामा बाहिरका पालिकाहरु बाट पर्न आएका प्रवेश परीक्षामा उच्चतम अकं प्राप्त गर्ने प्रशिक्षार्थीहरुलाई वर्ग बमोजिमको निर्धारण गरिएको कोटामा छात्रवृत्ति प्रदान गरिने छ ।

(३) कुनै एउटा वर्गमा छुटयाईएको छात्रवृत्ति कोटा भन्दा बढी विद्यार्थी सहभागी भएमा CTEVT/शिक्षालयले ले सञ्चालन गरेको प्रवेश परीक्षाको योग्यता सूचीको आधारमा छनौट गरिने छ । यदि प्रवेश परीक्षाको अंक वा योग्यताक्रम बराबर भएमा परीक्षार्थीहरुको शैक्षिक योग्यताको आधार बमोजिम हुनेछ ।

(५) नेपालको सरकारी वा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा,(एस.ई.ई)., परिषद् तथा त्रिभुवन विश्वविद्यालयका आंगिक शिक्षण संस्थाबाट प्राविधिक एस.एल.सी परीक्षा वा सो सरह उत्तीर्ण गरेका हुनुपर्ने ।

(६) उपदफा ५ मा जुन सुकै कुरा लेखिएको भएतापनि निजी विद्यालयमा छात्र वृत्तिमा नै अध्ययन गरेको हो भनि सम्बन्धित विद्यालयको सिफारिस,सम्बन्धित वडाको सिफारिस र सम्बन्धित स्थानीयतहको शिक्षा,युवा तथा खेलकुद शाखाको सिफारिस पत्रको आधारमा जुन वर्गकोहो सोहि वर्ग बमोजिमको छात्रवृत्ति उपलब्ध गराईने छ । तर उक्त छात्रवृत्तिमा अध्ययन गर्ने व्यक्तिले निजी विद्यालयमा छात्रवृत्तिमा अध्ययन नगरी शुल्क तिरी अध्ययन गरेको भन्ने बुझिना आएमा उक्त विषयमा नगरपालिकाले आवश्यक अध्ययन गरि झुठो प्रमाणित भएमा छात्रवृत्तिमा अध्ययन गरेको हो भनि सिफारिस गर्ने विद्यालयलाई रु १०००० (दशहजार) बारबरको जरिवाना गरि सो छात्रवृत्ति रद्द गरि अर्को सोही वर्गको वा सो नभएमा पूर्णशुल्कीय कोटामा गणना गरिने छ ।

(७) शिक्षण संस्थाले भर्नाका लागि सिफारिश गरिएका पूर्ण शुल्किय तर्फका परीक्षार्थीहरुसंग संचालक समितिले निर्धारण गरेको शुल्क मात्र लिनु पर्नेछ ।

(८) अध्ययन अवधिभर खाने र बस्ने व्यवस्था भने परीक्षार्थी आफैंले गर्नुपर्ने छ ।

(९) सिफारिश भई भर्ना हुने परीक्षार्थीहरुले शिक्षण संस्थामा लाग्ने शुल्क नियम अनुसार तिर्नुपर्ने छ ।

(१०) यदि कुनै तोकिएको कार्यक्रमको अध्यापन कार्य संचालन नहुने अवस्था आइपरेमा यस बमोजिमको छात्रवृत्ति प्रदान गरिने छैन ।

(११) प्रशिक्षार्थीले परीक्षाको वा शिक्षालयको मर्यादा विपरीत वा प्रचलित कानूनले दण्डनीय काम गरेको ठहर भएमा शिक्षण सुविधा वा छात्रवृत्तिको सुविधा स्वतः खारेज हुनेछ ।

(१२) आन्तरिक छात्रवृत्ति कोटामा प्रशिक्षार्थीको आवेदन नआएमा उक्त कोटा पूर्ण शुल्कीयमा स्वतह गणना हुनेछ ।

(१३) आन्तरिक वर्गीकृत छात्रवृत्ति ५० प्रतिशत,७५ प्रतिशत र १०० प्रतिशत छुट्याईएकोमा परीक्षार्थीको भर्नाको लागि लिईएको प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा जुन वर्गको लागि आवेदन दिएको हुन्छ सोही वर्गमा समाबेश गर्ने गरी उच्चतम अंक प्राप्त गर्नेलाई छात्रवृत्तिको प्रतिशत निर्धारण गरिने छ ।

(१४) वर्गिकृत छात्रवृत्तिमा यदि कुनै व्यक्ति दुई वा दुई भन्दा बढी वर्गमा पर्ने भए निजले ईच्छाएको वर्गबाट छात्रवृत्ति प्रदान गरिने छ ।

(१५) जेहेन्दार (पुर्ण शूल्कीय) छात्रवृत्ति शिक्षण संस्थामा परीक्षार्थी भर्नाका लागि संचालन गरिने प्रवेश परीक्षामा प्रत्येक कार्यक्रमको पूर्ण शुल्कीय कोटाको प्रवेश परीक्षाको योग्यताक्रम सूचीको उच्चतम अंक प्राप्त गर्ने एक जना परीक्षार्थीलाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ ।

(१६) सिफारिश गरिएका मुख्य परीक्षार्थीहरुले नतिजा प्रकाशन भएको मितिले १५ दिन भित्र शिक्षण संस्थामा भर्ना भई सक्नुपर्नेछ । तोकिएको अवधि भित्र शिक्षण संस्थामा परीक्षार्थी भर्ना हुन नआई छात्रवृत्तिको सिट रिक्त रहन आएमा शिक्षण संस्थाले वैकल्पीक परीक्षार्थीहरुलाई तोकिएको म्याद भित्र भर्ना हुन योग्यताक्रमानुसार भर्नाका लागि ७ दिनको भर्नाको म्याद दिई सूचना प्रकाशित गरिनेछ ।

(१७) प्रवेश परीक्षा योग्यताक्रम सूचिमा रही भर्नाका लागि सिफारीस गरिएका परीक्षार्थीहरुलाई भर्ना गर्नु पूर्व शिक्षालयले भर्नाका लागि सिफारिश गरिएका परीक्षार्थीको पेशागत संस्थाहरुको प्रचलित कानूनले तोकेको मापदण्ड अनुसार मानसिक तथा शारिरीक रुपमा योग्य भए नभएको विज्ञबाट परीक्षण गराई योग्य परीक्षार्थीलाई मात्र भर्ना गर्ने जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाको हुनेछ।योग्य परीक्षार्थीको सिफारिश पत्र रजिष्ट्रेशनको समयमा परीक्षा नियन्त्रण कार्यालयमा पेश गर्नुपर्नेछ । यसरी सिफारिश गरिएका परीक्षार्थी मानसिक तथा शारीरिक रुपमा अयोग्य ठहर भई सिट रिक्त हुन आएमा तोकिए बमोजिम भर्ना गर्नुपर्नेछ ।

(१८) भर्नाको लागि सिफारिश भएका परीक्षार्थीहरुको सक्कल प्रमाणपत्र रुजू गरी तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुलाई मात्र भर्ना गर्ने जिम्मेवारी सम्बन्धित शिक्षण संस्थाको हुनेछ । प्रमाणपत्रहरु रुजु गर्दा कुनै विवरण फरक हुन गएमा वा झुटो विवरण पेश गरेको पाइएमा त्यस्ता परीक्षार्थीलाई सम्बन्धित शिक्षण संस्थाले भर्ना गराउने छैन । भर्ना भएको भए पनि कुनै पनि समयमा भर्ना रद्द गरिने छ ।

(१९) छात्रबृत्तिमा सिफारिश भएको परीक्षार्थीको नतिजा विवरण शिक्षण संस्थाले शिक्षण संस्थाको मुख्य सूचनापाटीमा टांस गर्नुपर्नेछ ।

## ४ बगिकृत छात्रवृत्त कोटाको आवेद साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

(१)न्यूनतम शैक्षिक योग्यताको प्रामाणपत्रहरु ।

(२)परिक्षार्थीले कुन कोटामा छात्रबृत्ति दाबि गर्ने हो सो को सम्बन्धित स्थानीयतहबाट विपन्न हो भनि प्रमाणित गरेको सिफारिस पत्र र सरकारी निकायबाट जारी भएको परिचयपत्र । बारबर्दिया नरपालिको हकमा सम्बन्धित वडाले विपन्न हो भनि प्रमाणित गरेको सिफारस पत्र ।

(३)नागरीकता वा नावालीग वा जन्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(४)सरकारी वा सामूदायिक विद्यालय, परिषद् र त्रिभुवन विश्व विद्यालयको आंगिक शिक्षण संस्था हो भनी क्रमशः सम्बन्धित स्थानीयतहको शिक्षा,यूवा तथा खेलकुद शाखले प्रमाणित गरेको वा सम्बन्धित विद्यालय, परिषद् शिक्षालय र त्रिभुवन विश्व विद्यालयले प्रमाणित गरेको पत्रको प्रमाणित प्रतिलिपी ।

(५) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालय/ सम्वन्धित स्थानीयतह वाट प्रमाणित गरिएको वा दलित परिचयपत्रको प्रमाणित प्रतिलिपी ।

(६) आदिवासी जनजातीको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित सम्वन्धित स्थानीयतह वाट /जिल्ला प्रशासन कार्यालयवाट प्रमाणित गरिएको आदिवासी जनजाती प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(७) सीमान्तकृत राजी/कुमाल/बोटे/बादी आदिको जातिकोहकमा सम्वन्धित स्थानीयतह वाट/जिल्ला प्रशासन कार्यालयवाट प्रमाणित गरिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(८) विपन्न तथा सुकुम्बासीको हकमा सम्वन्धित स्थानीयतहबाट/आधिकारिक निकायबाट विपन्न तथा सुकुम्बासीहो भनि प्रमाणित गरिएको प्रमाणपत्रको प्रतिलिपी ।

(९ )बेपत्ता पारिएका व्यक्ति र सहिद परिवार तथा घाइते वा निजको परिवारले विक्रम सम्वत २०६२।६३ को जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सवै आन्दोलनको क्रममा वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार जन—आन्दोलन घाइते परिवार/द्वन्दपिडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्र र नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(१०) अपाङ्गको हकमा राष्ट्रिय अपाङ्ग महासंघ वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा अपाङ्ग परिचयपत्रको प्रमाणित प्रतिलिपी ।
(११) मुक्तकमैयाँ, कमलहरीहरुको हकमा सम्वन्धित जिल्ला भूमि सुधार कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी वा र नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

## परिच्छेद -१२
## प्रशिक्षार्थी शुल्क

क) प्रशिक्षार्थीले रु पाँच हजार Security Fund बापत फिर्ता हुने गरी शिक्षालयमा जम्मा गर्नुपर्ने छ । सो रकम प्रशिक्षार्थीले तोकिएको कार्यक्रम पास भएपछि पुस्तकालय तथा प्रयोगशाला Clearance गरेपछि फिर्ता गरिने छ ।
ख) प्रशिक्षार्थीले तपसिलको शुल्क शिक्षालयमा बुझाउनु पर्ने छ ।

| क.स. | वर्ष | वार्षिक शुल्क | सेमेस्टर | सेमेस्टर शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १. | पहिलो | ५०,००० | First | २५,००० | भर्ना+ शिक्षण शुल्क |
| २. | | | Second | २५,००० | शिक्षण शुल्क |
| ३. | दोस्रो | ५०,००० | Third | २५,००० | शिक्षण शुल्क |
| ४. | | | Fourth | २५०,०० | शिक्षण शुल्क |
| ५. | तेस्रो | ५०,००० | Fifth | २५,००० | शिक्षण शुल्क |
| ६. | | | Sixth | २५,००० | शिक्षण शुल्क |
| जम्मा | | १,५०,००० | | १,५०,००० | |

ग) CTEVT ले पठाएको छात्रवृति कोटामा परिच्छेद १३ लागु हुने छैन ।
घ) प्रशिक्षार्थीले पुस्तकालय कार्ड बापत रु १०० र ID Card बापत रु २०० र नवीकरण प्रत्येक वर्ष रु १०० बुझाउनुपर्नेछ ।

## परिच्छेद -१३
## पोसाक र समय

१. शिक्षालयले तोकेको पोसाक प्रशिक्षार्थीले लगाउनु पर्ने छ ।
२. पूर्णकालीन प्रशिक्षक तथा कर्मचारीले शिक्षालयले तोकेबमोजिम लगाउनु पर्ने छ।

३.आंशिक प्रशिक्षकहरुको हकमा पोसाक लागु हुने छैन ।

४. कक्षा सञ्चालन बिहान ६ बजे देखि हुने छ ।

५. प्रत्येक पिरयड ५० मिनेटको हुनेछ ।

६. प्रत्येक परियडमा हाजिर गर्नुपर्ने छ ।

७. प्रयोगशालामा प्रवेश गर्दा अनिवार्य एप्रोन प्रयोग गर्नु पर्ने छ तर निकट भविष्यमा सञ्चालन हुने कार्यक्रय अन्तरगतका Drawing Class मा नियमित पोसाक लगाउनु पर्ने छ ।

८. पूर्णकालीन प्रशिक्षकले साप्ताहिक २९ पिरियड शिक्षण गरेको हुनुपर्ने छ । २९ पिरियड भन्दा बढी भएमा नियम अनुसार आंशिक प्रशिक्षक सरह अतिरिक्त भत्ता दिइने छ । सो पारिश्रमिक सञ्चालक समितिबाट निर्णय गराउनु पर्ने छ ।

## परिच्छेद -१४
## प्रयोगशाला

१.प्रयोगात्मक कार्यको लागि CTEVT को नियम अनुसार प्रयोगात्मक कक्षाहरु तपसिल अनुसारको निमार्ण र सञ्चालन गरिने छ ।

| क्र.स. | प्रयोगशालाको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | Physics | १ | साप्ताहिक २ दिन प्रति कार्यक्रम(प्रति सिप्ट २० जना) |
| २. | Chemistry | १ | साप्ताहिक २ दिन प्रति कार्यक्रम(प्रति सिप्ट २० जना) |
| ३. | Botany | १ | साप्ताहिक २ दिन प्रति कार्यक्रम(प्रति सिप्ट २० जना) |
| ४. | Zoology | १ | साप्ताहिक २ दिन प्रति कार्यक्रम(प्रति सिप्ट २० जना) |
| ५. | Computer | २ | साप्ताहिक ४ दिन प्रति कार्यक्रम (प्रति सिप्ट २० जना) |
| ६. | Green House | २ | निर्माण,स्याहार र अवलोकन |
| जम्मा | | ८ | |

२. प्रयोगात्मक कक्षामा सामाग्री शिक्षार्थीहरुले टुटफुट गरेमा Security Fund मार्फत कटौती ग मार्फत कटौती गरिनेछ र अपुग रकम विद्यार्थीबाट असुल गरिनेछ ।

३. CTEVT को नियम अनुसार प्रयोगात्मक कक्षामा आवश्यक उपकरण तथा सामाग्रीहरुको व्यवस्था गरिने छ ।

## परिच्छेद -१५
## फिल्ड भिजिट

१. प्रत्येक प्रशिक्षार्थी फिल्ड भिजिटमा अनिवार्य रुपमा सहभागी हुनु पर्ने छ ।

२. फिल्ड भिजिट बापतको रकम प्रशिक्षार्थी स्वमले व्यहोर्नु पर्ने छ ।

३. फिल्ड भिजिटमा खटिएको प्रशिक्षक तथा कर्मचारीको भत्ता तोकिएबमोजिम हुने छ ।

## परिच्छेद -१६

## अतिरिक्त कक्षा

१. अतिरिक्त कक्षा प्रशिक्षालयको आवश्यकता अनुसार गरिने छ ।

२. अतिरिक्त कक्षाको भत्ता तोकिएबमोजिम हुने छ ।

३. अतिरिक्त कक्षाको सञ्चालन सञ्चालक समितिको निर्णय बमोजिम हुने छ ।

## परिच्छेद-१७

## तलब तथा भत्ता

१. तलबः शिक्षालयमा खटाइएका शिक्षालय प्रमुख, प्रशिक्षक, सहायक प्रशिक्षक तथा कर्मचारीको तलब तपसिल अनुसार हुनेछ ।

| क्र.स. | पद | मासिक तलब | कैफियत |
|---|---|---|---|
| १. | शिक्षालय प्रमुख/कार्यकारी निर्देशक | मा.वि. तृतीय सरह | |
| २. | प्रशिक्षक/संयोजक | मा.वि. तृतीय सरह | प्राविधिक विषयतर्फ |
| ३ | सहायक प्रशिक्षक | नि.मा.वि तृतीय सरह | प्राविधिक विषयतर्पफ |
| ४ | आंशिक प्रशिक्षक | Period अनुसार | साधारण विषयतर्फ |
| ५ | पूर्ण कालीन प्रशिक्षक | मा.वि. तृतीय सरह | साधारण विषयतर्फ |
| ६. | कम्प्युटर | Period अनुसार | |
| ७ | नायव सुब्बा ( लेखापाल) | सुब्बा सरह | |
| ८ | नायव सुब्बा (प्रशासन) | सुब्बा सरह | |
| ९ | सहयोगी कर्मचारी | कार्यालय सहयोगी सरह | |

२. भत्ताः शिक्षालयमा खटाइएका शिक्षालय प्रमुख, प्रशिक्षक, सहायक प्रशिक्षक तथा कर्मचारीलाई तपसिल अनुसारको भत्ता हुने छ ।

| क्र.स. | विवरण | भत्ता | कैफियत |
|---|---|---|---|
| १. | शिक्षालय प्रमुख/कार्यकारी निर्देशक/विषयगत संयोजक | रु ६००० | शिक्षालय प्रमुख वा कार्यकारी निर्देशक/विषयगत संयोजक (मासिक) |
| २. | आंशिक प्रशिक्षक | रु ६००० | साधारणतर्फ प्रति Period मासिक |
| ३. | आंशिक प्रशिक्षक | रु १२००० | प्राविधिकतर्पफ प्रति Period मासिक |

| | | | |
|---|---|---|---|
| ४. | परीक्षा निरीक्षक | रु २०० | आन्तरिक परीक्षाको लागि प्रतिदिन |
| ५. | उत्तरपुस्तिका परीक्षण | रु २० | प्रति पुस्तिका परीक्षण |
| ६. | परीक्षा कर्मचारी | रु १५० | आन्तरिक परीक्षाको लागि प्रतिदिन |
| ७. | अतिरिक्त कक्षा | रु १२००० | प्रति विषय (प्राविधिक विषयमात्र) |
| ८. | दैनिक भ्रमण भत्ता | — | नियम अनुसार |
| १०. | फिल्ड भिजिट प्रशिक्षण | रु १००० | प्रतिदिन प्रशिक्षकको हकमा मात्र |
| ११ | फिल्ड भिजिट | रु १००० | प्रतिदिन |
| १२. | फिल्ड भिजिट यातायात | — | नियम अनुसार |
| १३. | पोसाक | — | नेपाल सरकारको नियमअनुसार |

## परिच्छेद -१८
## विविध

१) सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन शिक्षालयमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरुको नियमित रुपमा बारबर्दिया नगर कार्यपालिकाका पदाधिकारी, नगर शिक्षा युवा तथा खेलकुद शाखा,CTEVT क्षेत्रीय तथा केन्द्रीय कार्यालयका पदाधिकारीहरुबाट नियमित रुपमा रहने छ ।

२) शिक्षालयको नाम"सहिद विष्णु-धनि स्मृति बहुप्राविधिक शिक्षालय बारबर्दिया ६ जयनगर स्थापित - २०७६" रहने छ । शिक्षालयको छाप षड्कोण चिन्ह सहित शिक्षालयको नाम लेखिएको रहने छ ।


३) यस कार्यविधिमा जुनसुकै कुरा लेखिए तापनि आर्थिक करोवार गर्दा नेपाल सरकारको प्रचालित ऐन नियमहरुको प्रकृया पूरा गरी गर्नु पर्ने छ ।

४) यस कार्यविधिमा व्यवस्था गरिएका बुँदाहरु प्रचलित ऐन नियमसँग बाझिएको हकमा प्रचलित ऐन नियम बमोजिम हुने छ ।

५) यस कार्यविधिमा रहेको व्यवस्थाहरुलाई समय र आवश्यकता अनुसार बारबर्दिया नगर कार्यपालिकाको बैठकबाट संशोधन र परिमार्जन गर्न सकिने छ ।

# अनुसूची -१

यस शिक्षालयको कार्यक्रम सञ्चालन निम्न अनुसार हुने छ।




## अनुसूची -२

# शहिद विष्णुधनि स्मृति बहुप्राविधिक शिक्षालय-
## बारबर्दिया नगरपालिका६-,जयनगर बर्दिया
### ऋत्भ्ख्ट बाट संबन्धन प्राप्त

फोटो

<u>छत्रवृत्ती आवेदन फाराम - २०७७</u>

१. विद्यार्थीको नाम थरः- सि.नं.--------------

२. विद्यार्थीको स्थायी ठेगानाः- प्रदेशः---------------- जिल्लाः-------------

म.न.पा./उ.म.न.पा./न.पा/गा.पा.-------------------- ---------- टोलः----------------

३. अभिभावकको नामः------------------पेशाः------------------ मोबाईल नं.--------------------

४. बुवाको नामः---------------------------पेशाः-------------------- मोबाइल नं.------------------

५. आमाको नामः-------------------------पेशाः--------------------- मोबाइल नं.--------------------

६. यस भन्दाअघि कुनै छात्रवृत्ति पाएको -------------------- वा नपाएकोः----------------------

७. आवेदन दिन चाहेको संकायः---------------------

८. SEE को सिम्बोल नं-----------------------------

९. परिवारको पेशा व्यवसाय वा आम्दानीको श्रोतः- ------------------------------------

१०.गरिवी परिवार परिचय पत्र भए वा नभएको:----------------------

११.आफूले कुन समूहबाट आवेदन दिन चाहेको हो कुनै एक कोठामा ☐ रेजा लगाउनुहोस।

क) जेहेन्दार ☐ ख) विपन्न/सुकुम्बासी ☐ ग) महिला ☐

घ) अपाङ्गता ☐ ङ) विपन्न दलित ☐ च) विपन्न जनजाति ☐

छ) जन युद्ध तथा जनआन्दोलनको घाईतेको/बेपत्ता/शहिद सन्तति ☐

माथि उल्लेखित ब्यहोरा ठीक साँचो छन,फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला।

आवेदक हस्ताक्षरः-

नामः-

ठेगानाः-

मितिः-

## आवेदन साथ पेस गर्नु पर्ने कागजातहरु:

१) SEE को ग्रेड सीटको प्रतिलिपि -१

२) जनजाति वा दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि-१

३) बेपत्ता परिवार, शहिद परिवार, जनआन्दोलनका घाइते, मधेश आन्दोलनका घाइतेको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि-१

४) विपन्नता वा गरिबीको हकमा सहकारी तथा गरिबी निवारण मन्त्रालयको गरिबी परिचय पत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा स्थानीय तहले ब्यहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र।

५) अपाङ्गको हकमा राष्ट्रिय अपाङ्ग महासंघ वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा अपाङ्ग परिचयपत्रको प्रमाणित प्रतिलिपी ।

६) मुक्तकमैयाँ, कमलहरीहरुको हकमा सम्वन्धित जिल्ला भूमि सुधार कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी वा र नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

७) सीमान्तकृत राजी/कुमाल/बोटे/बादी आदिको जातिकोहकमा सम्वन्धित स्थानीयतह/जिल्ला प्रशासन कार्यालयवाट प्रमाणित गरिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

# शहिद विष्णुधनि स्मृति बहुप्राविधिक शिक्षालय-
## बारबर्दिया नगरपालिका६-,जयनगर बर्दिया
## (CTEVT बाट संबन्धन प्राप्त )

फोटो

<u>प्रबेश पत्र -२०७७</u>

परीक्षार्थीको नाम थर :.................................. सि. नं.............................

प्रदेश नं........................ गा.पा./न.पा................................... वडा नं.......... टोल.......................

अभिभावकको नाम: ................................. मोबाईल नं.................................

आवेदन भरेको कक्षा ................................. SEE को सि.नं. .................................

परीक्षा केन्द्रको नाम ................................. मिति: .................................

परीक्षार्थीको हस्ताक्षर: .................................

............................................

केन्द्राध्यक्ष

आज्ञाले

दशरथ बुढा

प्रमुख प्रशासकीय अधिकृत